# केन्द्रबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु, त्यसको कार्यविधि र सुधारका योजनाहरु


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र**

हरिहरभवन, ललितपुर

## १. पृष्ठभुमी

नेपाल एक कृषि प्रधान देश भएकोले कृषि क्षेत्रको विकास प्रयासमा राष्ट्रले प्राथमिकताका साथ साधन श्रोतहरू परिचालन गर्दै आएको छ । परिचालित साधन श्रोतहरू मुख्यतयाः रासायनिक तथा जैविक प्रयासहरूमा सीमित थिए भन्दा अत्युक्ति नहोला । फलस्वरुप खाद्य सुरक्षामा केही हदसम्म सफलता प्राप्त हुनुको साथै कृषि विकासको दरमा पनि वृद्धि भएको देखिन्छ । कृषि विकास रणनीतिले परिलक्षित गरेको कृषि विकासको वृद्धि दर हासिल गर्नको लागि कृषिको व्यवसायिकरण गर्नुका साथै कृषि बजार व्यवस्थानमा पनि त्यत्तिकै ध्यान दिन आवश्यक छ । त्यसको लागि कृषि ईन्जिनियरिङ्ग प्रविधिको योगदान पनि अत्यन्तै महत्वपूर्ण हुन सक्दछ । हाम्रो जस्तो कृषि प्रधान देशको सामाजिक तथा आर्थिक सम्वृद्धि गर्न ग्रामीण आय वृद्धिको आवश्यकता पर्दछ भने ग्रामीण आय, रोजगारी र खाद्य सुरक्षामा निर्भर गर्दछ । ग्रामीण क्षेत्रको कृषि आय तथा खाद्य सुरक्षा सुनिश्चित गर्न भूमि तथा श्रम उत्पादकत्व वृद्धि गर्न आवश्यक पर्दछ । यसको लागि कृषिमा व्यावसायिकरण, कृषि बजारमा सहज पहुँच तथा कृषि ईन्जिनियरिङ्ग साथै जैविक प्रविधिहरूको संयुक्त प्रयासको आवश्यकता पर्दछ ।

निर्वाहमूखी कृषि प्रणालीलाई बजारमूखी, प्रतिस्पर्धी र व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पूऱ्याउन तिन दशक देखि सांगठनिक संरचना निर्माण तथा पुनर्गठन हुदै परिवर्तनका प्रयासहरु हुने क्रममा मिति २०६०/०८/०४ को नेपाल सरकारको निर्णय अनुसार २०६१ साल देखि कार्यान्वयनमा आएका तात्कालिन कार्यालयहरु कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय अन्तर्गतका बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रम, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम र कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम साथै कृषि ईन्जिनियरिङ्ग निर्देशनालय समेत नेपालको संविधान २०७३ ले निर्दिष्ट गरे बमोजिम राज्यको पुनःसंरचना संगै २०७५ भाद्र १ गते देखि उपरोक्त साविकका संरचनाहरुबाट संघिय संरचना अनुसार एकिकृत भई कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको रुपमा रहेको छ । यस केन्द्र अन्तर्गत कृषि यान्त्रीकरण प्रवर्धन केन्द्र, नक्टाझिज, जनकपुर पनि रहको छ ।

## २. कार्यालयको कार्य विवरण

### २.१ कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवनको कार्य विवरण

- कृषि यान्त्रीकरण तथा पूर्वाधार विकासको क्षेत्रमा देशको फोकल कार्यालयको रुपमा कार्य गर्ने,
- अन्तरगतका फार्म केन्द्रहरुलाइ आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्टपोषण साथै कार्यक्रम कार्यान्वयन तथा मूल्यांकन सहयोग
- कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास गर्ने
- शित भण्डार विकास तथा प्रवर्द्धन गर्ने ।
- सार्वजनिक नीजि साझेदारीमा कृषि बजार विकास गर्ने ।
- कृषि बजार सञ्चालक समितिको गठन तथा अनुगमन गर्ने ।
- कृषि बजार पूर्वाधार विकास सम्बन्धी आवश्यक प्राविधिक सेवा प्रदान गर्ने ।
- कृषक, कृषक समुह साथै कृषि सहकारीहरुलाई बजार सूचना, व्यवस्थापन, र बजारीकरण बिषयमा क्षमता अभिवृद्धी गरी मध्यस्थकर्ताबाट ठगिने स्थितीको अन्त्य गर्न सहजिकरण गर्ने ।
- कृषि उपज बजारको थोक तथा खुद्रा मूल्य साथै सिमावर्तिय मूल्य संकलन, विश्लेषण तथा प्रवाह गर्ने ।
- कृषि सूचना सम्बन्धी प्रविधि विस्तार गरी मुलुकभरी कृषि उपजबजार मूल्य लगायत अन्य क्रियाकलापहरुको प्रचार प्रसार एवं जानकारी उपलब्ध गराउने ।
- बार्षिक कृषि बजार बुलेटिन प्रकाशन गर्ने ।
- कृषि बजार सञ्चालक समिति, कृषक, कर्मचारी, सहकारी संस्था लगायतलाई प्रशिक्षण तथा तालिम प्रदान गर्ने
- उत्कृष्ट बजार प्रविधि स्थल तथा निकायबाट सिक्न भ्रमण आयोजना गर्ने ।
- कृषि बजार सम्बन्धी सरसल्लाह सेवा प्रदान गर्ने ।
- कृषि उपज बजार सञ्चालन निर्देशिका तथा कार्यविधिहरु तयार गर्नको लागि कृषि विभागसंग समन्वय गर्ने ।

- स्थानिय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरुको उपयोग गरी कुन कुन वस्तु निर्यात गर्न सकिन्छ, सो को सवल र दुर्वल पक्ष केलाई निर्यात प्रवर्द्धनका लागि सुधारात्मक उपायहरु नीजि सरकारी साझेदारीको अवधारणा अनुरुप अवलम्बन गर्ने ।
- विश्व व्यापार संगठनको प्रावधान अनुरुप गुणस्तरीय उत्पादन, स्थानिय तथा बाह्य बजारमा उपजहरुको प्रवाह गर्दा मापदण्ड लगायत अपनाउनु पर्ने प्रक्रियाहरु वारेको सूचनाहरु वस्तु विशेषको रुपमा तयार पारी सेवाग्राहीलाई उपलव्ध गराउने तथा विश्व व्यापार संगठन सम्बन्धमा जनचेतना बढाउने ।
- कृषि व्यवसायमा आइपरेका समस्याहरु केलाउँदै आन्तरिक एवं वाह्य बजारमा कृषि उपजहरुको सुलभ पहुँच बढाउन आवश्यक जानकारी र विवरणहरु संकलन गर्ने र सम्वद्ध पक्षलाई प्रचाहित गर्ने ।
- निर्यातजन्य कृषि वस्तुहरुको प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याउन सामाग्री एवं उपकरणहरु कृषकस्तरमा अनुदानमा दिने व्यवस्था मिलाउने ।
- नेपालबाट आयत निर्यात भएका प्रमुख कृषि वस्तुहरुको विवरण एवं आयातकर्ता तथा निर्यातकर्ताको विवरण तयार गर्ने ।
- तुलनात्मक लाभ भएका प्रांगारिक/गैर प्रांगारिक उपजहरुको पहिचान गरी प्रांगारिक परिक्षण तथा प्रांगारिक खेती तर्फ आकर्षित गुणस्तरीय उत्पादनको सुनिश्चतता गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- कृषि यान्त्रीकरण तथा पूर्वाधार विकास सम्वध्द समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभाग तथा मन्त्रालयलाई नीतिगत सुझाव, दिने
- अन्तरगतका फार्म केन्द्रहरुमा नविनतम प्रविधि प्रदर्शन तालिम तथा प्रसारणको व्यवस्था सम्वन्धी कार्य,
- कृषि यान्त्रीकरण तथा पूर्वाधार विकास सम्वध्द विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- कृषि क्षेत्रका पूर्वाधारहरुको विकास तथा व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्ने ।
- देशव्यापी कृषि यन्त्रहरुको प्रवर्द्धन,प्रसार तथा सम्बद्ध कार्यहरु सञ्चालन गर्ने ।

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि सिंचाइ सुविधाको प्रभावकारी उपयोग सम्वन्धी कार्यको समन्वय,
- कृषि यान्त्रीकरण एवं पूर्वाधार विकासमा कृषक एवं अन्य सरोकारवालाहरुको दक्षता एवं क्षमता अभिबृद्धि,
- राष्ट्रियस्तरमा कृषि मेशिनरि तथा औजार उपकरण उत्पादक तथा वितरकहरूको क्षमता विकास,
- स्थानीय तहबाट परम्परागत रुपमा उत्पादन भई प्रयोगमा आईरहेका कृषि यन्त्र र औजारहरूको अभिलेख तयार गरी उत्पादकको क्षमता र दक्षता अभिवृद्धि तथा औजारको क्षमता वृद्धि गर्न अनुसन्धान तथा अध्ययन, कृषि यान्त्रिकरणसंग सम्बन्धित Ergonomic र Safety का कार्यहरु ।
- Land consolidation (चक्लाबन्दी) मार्फत आधुनिक खेती प्रणालीको विकास तथा विस्तार गर्ने ।
- नेपाल सरकारले तोकेको कृषि यान्त्रीकरण, पूर्वाधार विकास एवं कृषि बजार प्रवर्द्धन सम्वन्धी अन्य कार्यहरु ।

## २.२ कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज धनुषाको कार्य विवरण

**कृषि यान्त्रीकरण**

- कृषि यान्त्रीकरण सम्वन्धी प्रदर्शन एवं परीक्षण संचालन गर्ने,
- कृषि यान्त्रीकरण तथा यान्त्रीक सिंचाई सम्वध्द विषयमा राष्ट्रियस्तरमा तालिम केन्द्रको रुपमा कार्य गर्ने
- कृषि यान्त्रीकरण एवं सिचाई व्यवस्थापनमा कृषकहरुको दक्षता एवं क्षमता अभिबृद्धि

**भूमिगत जलस्रोत विकास**

- भूमिगत सिचाई सुविधाको विकास एवं सिचाई सेवाको प्रभावकारी उपयोग सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि सिंचाइ सुविधाको प्रभावकारी उपयोग सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने
- सिंचाई सुविधा विस्तारको लागि विद्युतीकरण सम्बन्धि कार्यहरु गर्ने

- भूमिगत सिंचाई सम्बन्धि पम्प हाउस पम्प, ट्यूबवेल, नाला, विद्युतीकरण लगायतका संरचना पूर्वाधारहरुको मर्मत संभार

<u>वाली तथा वालीको उत्पादकत्व वृद्धि</u>

- वाली सघनता बृद्धि गर्ने सम्वन्धी कार्य
- टयूववेल सिचित क्षेत्रमा वीज वृद्धि कार्य
- व्यावसायिक बगैचा स्थापना वालीहरुको प्रविधि प्रदर्शन एवं अनुसरण
- दक्षता एवं क्षमता अभिवृद्धि कार्य- तालिम, गोष्ठी, भ्रमण
- श्रोत बीउ धान, गहुँ तथा फलफुल विरुवा उत्पादन
- अलंकारीक विरुवा उत्पादन

## ३. कार्य सञ्चालन कार्यविधि

यस निकायबाट प्रवाह हुने सेवालाई गुणस्तरिय, प्रभावकारी र छीटो छरितो बनाउन **"कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भई निम्नानुसार उद्धेश्यका साथ जारी गरिएको छ ।

- व्यवस्थित एकीकृत कृषि उपज बजार संरचना विकास गरी प्रभावकारी बजारीकरणको माध्यमबाट व्यावसायिक एवम् प्रतिस्पर्धी कृषि उत्पादनलाई टेवा पुऱ्याउने ।
- आधुनिक नमूना कृषि फार्म स्थापना गरि कृषि पर्यटन प्रवर्द्धनका साथै व्यवसायिकरणमा सहयोग पुऱ्याउने।
- खाद्यान्न वालिको उत्पादन पछिको गुणस्तर कायम राख्ने कार्यका साथै पोष्टहार्भेष्ट क्षति न्यूनिकरण का क्रियाकलापहरु संचालन गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउने ।
- Business Incubation सेवाको विस्तार मार्फत कृषि उद्यमशिलता विकास गरी कृषिको व्यवसायिकरण तथा रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

## ४. केन्द्रबाट प्रदान गरिने सेवाहरु

क) कृषि पूर्वाधार विकास सम्बन्धि प्राविधिक सेवा टेवा

ख) कृषि ईन्जिनियरिङ्ग सम्बन्धि प्राविधिक सेवा टेवा

ग) कृषि थोक बजार स्थापना तथा नियमन सेवा

घ) आधुनिक नमूना कृषि फार्म विस्तार

ङ) डिप तथा स्यालो बोरिङ्ग मार्फत सिचाई सुविधा विस्तार

च) कोल्ड स्टोरेज निर्माण तथा कोल्ड चेन विस्तार

छ) अन्य प्राविधिक सेवाहरु

## ५. केन्द्रबाट प्रदान गरिने सेवा सम्बन्धि जानकारी तथा सुचना प्रवाह

यस केन्द्रबाट प्रदान गरिने सेवा सम्बन्धि सुचना तथा जानकारी नियमित रुपमा केन्द्रको वेबसाईट, सुचना पाटी, समाजिक सञ्जाल तथा आवश्यकता अनुसार राष्ट्रियस्तरका आम सञ्चारका माध्यमहरुबाट सरोकारवालाहरु तथा सेवाग्राहीहरुमा पुऱ्याउने व्यवस्था मिलाईएको छ ।

## ६. हेल्प डेस्क सम्बन्धी व्यवस्था

सेवाग्राहीहरुलाई सेवा प्राप्त गर्ने क्रममा विधि र प्रकृयाका सम्बन्धमा कुनै पनि द्विविधा बा अन्यौल नहोस भन्ने हेतुले हेल्प डेस्कको व्यवस्था गरिएको छ । हेल्प डेस्कको सहयोग मार्फत सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज र सरल भईरहेको छ ।

## ७. सेवा प्राप्त गर्न अपनाउनुपर्ने बिधि तथा प्रकृया

यस केन्द्रबाट प्रदान गरिने सेवा प्राप्त गर्न औपचारिक पत्र वा आवेदन दिन सकिने छ । यसका साथै ईमेल, टेलिफोन तथा फ्याक्स मार्फत पनि सेवा प्राप्तिका लागी अनुरोध भई आएमा सोही माध्यम मार्फत वा प्रत्यक्ष रुपमा नै सेवा उपलब्ध गराईने छ ।

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

यस केन्द्रबाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि सेवाको प्रकृति अनुसार तुरुन्तै वा वढीमा एक हप्ता अवधी लाग्नेछ । यस सम्बन्धि विस्तृत विवरण नागरिक बडापत्रमा उल्लेख गरिएको छ ।

## ९. निर्णय प्रकृया र अबधी

अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने केन्द्र प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा टिप्पणी प्रकृया अबलम्बन गरिने छ । यसका अलावा

केन्द्रको आन्तरीक कार्यहरु सम्पादनका लागी मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ ।

## १०. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस केन्द्रबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ । यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

## ११. सेवा प्रदान गर्ने निकायको जिम्मेवार प्रमुख र सुचना अधिकारी

**जिम्मेवार प्रमुखः**
नामः राजेन्द्र प्रसाद मिश्र
पदः प्रमुख (रा.प.प्र.प्रा.)
मोबाईल नं. +९७७-९८५११७४१७९
ईमेलः rmishrarp@gmail.com

**सूचना अधिकारीः**
नामः बासुदेव शर्मा
पदः बरिष्ठ कृषि अर्थविज्ञ (रा.प.द्वितीय प्रा.)
मोबाईल नं. +९७७-९८५११८१०९७
ईमेलः basudevsp@gmail.com

**सहायक सूचना अधिकारीः**
नामः कमलराज शर्मा
पदः कृषि प्रसार अधिकृत (रा.प.तृतिय प्रा.)
मोबाईल नं. +९७७-९८६०१६१२१२
ईमेलः sharmakamalraj21@gmail.com

## १२. केन्द्रको टेलिफोन वेबसाईट तथा ईमेल

केन्द्रबाट प्रदान गरिने सेवा सम्बन्धि जानकारी तथा सेवा प्राप्ति एवं सेवा प्रवाहका लागी निम्नानुसार सञ्चारको माध्यम अबलम्बन गर्ने व्यवस्था मिलाईएको छ ।

वेबसाईटः www.caidmp.gov.np

ईमेलः campid2075@gmail.com

सम्पर्क टेलिफोनः ०१-५५२४२२७, ५५२४२२८

फेसवुकः https://www.facebook.com/agricultural.infrastructure.5

## १३. केन्द्र र अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवाहरु र सो को कार्यविधि

केन्द्रबाट प्रदान गरिने सेवा प्राप्तिको विधि तथा प्रकृया सो वापत लाग्ने दस्तुर जिम्मेवार शाखा आदी निम्नानुसार व्यवस्था गरिएको छ ।

### नागरिक बडापत्र

| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | लागत सहभगिता प्रतिशत | जिम्मेवार व्यक्ती/शाखा |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम तथा योजना सम्बन्धि जानकारी | विभिन्न माध्यमबाट सम्पर्क मात्र गर्ने | तुरुन्तै | निशुल्क | नपर्ने | सूचना अधिकारी योजना, अनुगमन तथा समन्वय शाखा |
| २ | कृषि बजार तथा अन्य पूर्वाधार निर्माण सेवा | कार्यविधिमा उल्लेख भए अनुसार | १ देखि ३ बर्ष | तोकिए बमोजिम | १५% देखि ५०% सम्म | वरिष्ठ कृषि अर्थविज्ञ बजार तथा अन्य पूर्वार विकास शाखा |
| ३ | कृषि बजार सूचना प्रवाह तथा अन्य सेवा | सम्पर्क मात्र गर्ने | एक हप्ता | निशुल्क | नपर्ने | सूचना अधिकारी |
| ४ | कृषि वस्तु निर्यात प्रवर्द्धन सेवा | कार्यविधिमा उल्लेख भए अनुसार | २ महिना | तोकिए बमोजिम | नपर्ने | वरिष्ठ कृषि अर्थविज्ञ सबै शाखा |
| ५ | कृषि व्यवसाय तथा प्राङ्गारिक उपज प्रवर्द्धन सेवा | कार्यविधिमा उल्लेख भए अनुसार | निरन्तर | तोकिए बमोजिम | नपर्ने | वरिष्ठ कृषि अर्थविज्ञ सबै शाखा |
| ६ | कृषि औजार तथा उपकरण वितरण | कार्यविधिमा उल्लेख भए अनुसार | १ देखि ३ बर्ष | तोकिए बमोजिम | १५% देखि ५०% सम्म | वरिष्ठ कृषि ईन्जिनियर यान्त्रीकरण शाखा |
| ७ | स्यालो ट्यूववेल निर्माण सेवा | कार्यविधिमा उल्लेख भए अनुसार | ६ महिना | तोकिए बमोजिम | कम्तीमा १५% | वरिष्ठ कृषि ईन्जिनियर यान्त्रीकरण शाखा |
| ८ | भूमिगत सिंचाई संरचना विकास | कार्यविधिमा उल्लेख भए अनुसार | १ देखि ३ बर्ष | तोकिए बमोजिम | कम्तीमा ३% देखि ५% | वरिष्ठ कृषि ईन्जिनियर यान्त्रीकरण शाखा |

| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | लागत सहभगिता प्रतिशत | जिम्मेवार व्यक्ती/शाखा |
|---|---|---|---|---|---|---|
| ९ | नमूना कृषि फार्म स्थापना तथा विस्तार | कार्यविधिमा उल्लेख भए अनुसार | १ देखि ३ बर्ष | तोकिए बमोजिम | कम्तीमा ५०% | बजार तथा अन्य पूर्वाधार विकास शाखा र यान्त्रीकरण शाखा |
| १० | गुनासो व्यवस्थापन | निवेदन | निरन्तर | निशुल्क | नपर्ने | सूचना अधिकारी |

## १४. सेवा प्रदान गर्नको लागि संगठनात्मक संरचना

यस केन्द्र तथा मातहतका निकायको निम्नानुसारको संगठनात्मक संरचना निर्धारण गरिएको छ ।




## १५. सेवा प्रबाहलाई छिटो छरितो र सरल बनाउन गरिने सुधारका योजनाहरु